कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र प्राप्त

KKPL कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
KANTIPUR PHARMACEUTICALS LAB LIMITED

रजिष्टर्ड कार्यालय : ललितपुर म.न.पा.-८, ललितपुर, फोन नं.: ०१-५१८६६०४, ५१८६६०२, ९८०१८८२४४१
इमेलः info@kantipurpharma.com वेभसाइटः www.kantipurpharma.com

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेडले आफ्नो जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी अस्सी करोड मात्र) मध्ये १०% अर्थात रु.८,००,००,०००/- (अक्षरेपी आठ करोड मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात काभ्रेपलान्चोक जिल्लाका (पाँचखाल नगरपालिका वडा नं. ७) स्थानीय बासिन्दाहरुका लागि र बाँकी ११.२५% अर्थात् रु.९,००,००,०००/- (अक्षरेपी नौ करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको ९,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ९०,००० कित्ता साधारण शेयरहरु नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नागरिकहरुको लागि **आज मिति २०८३ मंसिर १० गते बिहीबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि:		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि:	
दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या	: १० कित्ता	दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या	: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या	: १०,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या	: ७,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने

क्र.सं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं, वेवसाइटः www.muktinathcapital.com
२.	कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड, ललितपुर महानगरपालिका-८, ललितपुर (रजिष्टर्ड कार्यालय), वेवसाइटः www.kantipurpharma.com
३.	नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम र ठेगाना
१.	मुक्तिनाथ विकास बैंक लिमिटेड, पाँचखाल, काभ्रेपलान्चोक
२.	मुक्तिनाथ विकास बैंक लिमिटेड, बनेपा, काभ्रेपलान्चोक
३.	सिन्धु विकास बैंक लिमिटेड, बनेपा, काभ्रेपलान्चोक
४.	सिन्धु विकास बैंक लिमिटेड, पाँचखाल, काभ्रेपलान्चोक

आवश्यकता अनुसार विवरणपत्रको स्वीकृत पश्चात पनि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । **साथै, नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत पनि आवेदन दिन सक्ने छन् ।**

नोटः आयोजना प्रभावित क्षेत्रका बासिन्दाले आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन बुझाउँदा पालना गर्नुपर्ने शर्तहरु दफा १० (छ) को बुँदा ग १ क मा उल्लेख गरिएको छ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनुपर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी **सि-आस्वा (CASBA)** प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः	
निष्काशन खुल्ला हुने मिति	: २०८३/०८/१० गतेदेखि	निष्काशन खुल्ला हुने मिति	: २०८३/०८/१० गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८३/०८/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८३/०८/१५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८३/०९/१३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८३/०८/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			*प्रक्षेपित		
	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८४/८५	आ.व.२०८५/८६
प्रति शेयर आम्दानी (EPS) (रु.)	५.७२	४.०८	१३.८८	१५.४५	२०.८३	२३.८६
प्रति शेयर नेटवर्थ पुर्नमूल्याङ्क बाहेक (रु.)	१०८.३५	११२.३६	१२६.२४	१३५.४५	१५६.७६	१८०.४५
प्रति शेयर नेटवर्थ पुर्नमूल्याङ्क सहित (रु.)	११५.०३	१२२.४४	१३६.७२	१४४.१६	१६४.८४	१८८.५०
जगेडा कोष तथा संचित नाफा/(नोक्सान) (रु.)	११५,४१७,७७०	१४४,५१२,३५६	२३१,३१६,२८६	३५३,३११,७८५	५१८,७४७,४१०	७७७,४६४,६३०

** लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरण ।*

कूल वर्तमान मूल्य	आन्तरिक प्रतिफल दर (IRR)	लगानी फिर्ता हुने अवधि	डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि
१,५९९,८६६,७५८	२४.२७%	४.५०	५.७१

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

इस्चुअर रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्र अनुसार निष्काशन गारिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्चुअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेडबाट इस्चुअर रेटिङ्ग गराई "CARE-NP BB+(Is) [Double B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB+(Is)] "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमैं वित्तीय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" भन्ने बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्गा भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ट) को पृष्ठ नं. ७७ मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/१०/०८ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/१०/०३**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८३ कार्तिक ३० गतेको** "**आर्थिक अभियान**" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.kantipurpharma.com नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.muktinathcapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

स्वीकृत विवरणपत्र मार्फत कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।

कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाधरको सदस्यले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

निष्काशन तथा बिक्री प्रबन्धक :

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

मिति २०८३ मंसिर १० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने ।